**बैठक संख्याः-१-०७९/०८०**

आज मिति २०७९ साल साउन १५ गतेका दिन बागलुङ नगरपालिकाका नगर प्रमुख श्री बसन्त कुमार श्रेष्ठज्यूको अध्यक्षतामा बसेको बागलुङ नगरकार्यपालिकाको वैठकको उपस्थिती र निर्णय देहाय वमोजिम गरियो।

| क्र स | दस्तखत | पद | नाम थर |
|---|---|---|---|
| १ | | नगर प्रमुख | श्री बसन्त कुमार श्रेष्ठ |
| २ | | नगर उप प्रमुख | श्री राजु खड्का |
| ३ | | वडा अध्यक्ष | श्री जय वहादुर के.सी. |
| ४ | | वडा अध्यक्ष | श्री सुरज वोसेल |
| ५ | | वडा अध्यक्ष | श्री सनी के.सी.(लक्ष्मण) |
| ६ | | वडा अध्यक्ष | श्री कुमार विक्रम क्षेत्री |
| ७ | | वडा अध्यक्ष | श्री हरि प्रसाद शर्मा |
| ८ | | वडा अध्यक्ष | श्री रुद्र वहादुर के.सी. |
| ९ | | वडा अध्यक्ष | श्री मेघनाथ गैरे शर्मा |
| १० | | वडा अध्यक्ष | श्री छम वहादुर कार्की |
| ११ | | वडा अध्यक्ष | श्री राजु थापा |
| १२ | | वडा अध्यक्ष | श्री तिल वहादुर थापा मगर |
| १३ | | वडा अध्यक्ष | श्री ज्ञानेन्द्र गौतम |
| १४ | | वडा अध्यक्ष | श्री कोपिला मणी शर्मा |
| १५ | | वडा अध्यक्ष | श्री नारायण शर्मा पौडेल |
| १६ | | वडा अध्यक्ष | श्री चक्र वहादुर के.सी |
| १७ | | कार्यपालिका सदस्य | श्री ज्योती के.सी (विष्ट) |
| १८ | | कार्यपालिका सदस्य | श्री सुनिता श्रेष्ठ |
| १९ | | कार्यपालिका सदस्य | श्री धन माया शर्मा |
| २० | Tuka | कार्यपालिका सदस्य | श्री टुका देवी शर्मा आचार्य |
| २१ | | कार्यपालिका सदस्य | श्री शान्ती वोसेल |
| २२ | | कार्यपालिका सदस्य | श्री सीता थापा |
| २३ | | कार्यपालिका सदस्य | श्री ढाका वहादुर परियार |
| २४ | | कार्यपालिका सदस्य | श्री चुरा वहादुर सुनार |
| २५ | | सदस्य सचिव | श्री पुरुषोत्तम सापकोटा |

अन्य उपस्थिती

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

**निर्णय नं. १.**

बागलुङ नगरका ग्रामीण क्षेत्रका वडा नं. ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ वडाहरुमा नै गई योजना सम्झौता तथा उपभोक्ता अभिमुखीकरण, अपांग परिचय पत्र वितरण, माटो परीक्षण, स्वास्थ्य शिविर, वालमैत्री नगर घोषणा अनुशिक्षण तथा वित्तीय साक्षरता जस्ता सेवा प्रवाह गर्न देहाय बमोजिम घुम्ती शिविर संचालन गर्ने निर्णय गरियो ।

| वडा नं. | मिति | समय | प्रवाह हुने सेवाहरु |
|---|---|---|---|
| ११ | २०७९।०४।२९ | विहान ८ बजे बाट | १. उपभोक्ता अभमिुखीकरण तथा योजना सम्झौता<br>२. अपाङ्गता परीचय पत्र वितारण<br>३. स्वास्थ्य शिविर<br>४. माटो परिक्षण<br>५. वित्तिय साक्षरता अभिमुखीकरण<br>६. वालमैत्री नगर घोषणा अनुशिक्षण |
| १० | २०७९।०४।३० | | |
| १२ | २०७९।०५।०८ | | |
| १३ | २०७९।०५।०९ | | |
| १४ | २०७९।०५।१० | | |
| ८ | २०७९।०५।१७ | | |
| ९ | २०७९।०५।१८ | | |
| ५ | २०७९।०५।२२ | | |
| ६ | २०७९।०५।२३ | | |
| ७ | २०७९।०५।२४ | | |
| वडा नं. १,२,३,४ | | वडाहरुमा शिविर भएका दिन बाहेकका दिनहरुमा कार्यालयबाटै सेवा प्रवाह हुने | |

**निर्णय नं. २**

बागलुङ नगरपालिका द्वारा जारी गरिएको घुम्ती सेवा प्रवाह निर्देशिका २०७९ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा बागलुङ नगरपालिका वडा नं. ४ स्थित दावगरामा निर्मित बसपार्क निर्माण योजनाको फरफारक प्रयोजनका लागि यस अघि स्वीकृत ठेक्का विल, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, भेरियशन आदेश र फिल्ड भेरिफिकेशन गरी पछि सम्म फरक नपर्ने गरि यथार्थ विवरण सहितको प्राविधिक प्रतिवेदन पेश गर्ने गरी यस कार्यालयका इन्जिनियर श्री त्रिलोचन गिरीको संयोजकत्वमा देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

संयोजक - श्री त्रिलोचन गिरी - बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय
सदस्य - श्री दिपेन्द्र बहादुर भण्डारी- बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय
सदस्य - श्री सोविन घर्ति - बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय
सदस्य - श्री गौरव शर्मा - बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय
सदस्य - प्राविधिक प्रतिनिधि - भवन, आवाश तथा सहरी विकास डिभिजन कार्यालय, बागलुङ

**निर्णय नं. ४**

गत आ.व. २०७८।०७९ मा स्वीकृत दावगरा बसपार्क पहुँचमार्ग तथा जग्गा व्यवस्थापन योजनाको बोलपत्र आह्वान भई मिति २०७८।११।०३ मा ठेक्का सम्झौता भई कार्यादेश समेत दिइसकिएकोमा कार्यान्वयन हुने साइटको केही भाग अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उप-प्रमुख समेत विरुद्द विशेष अदालतमा मुद्दा दर्ता भएको हुँदा उक्त स्थानमा तत्काल काम अघि बढाउदा मुद्दा सम्बन्धी प्रमाणमा असर पर्न सक्ने दखिएको हुँदा सम्मानीत अदालतबाट प्रमाण सम्बन्धमा कार्वाहीको टुंगो नलागेसम्म सम्बन्धीत निर्माण व्यवसायीसँग भएको ठेक्काको कार्यावधी गणना हुने गरी निर्माण कार्य नगर्न सम्बन्धीत निर्माण व्यवसायीलाई जानकारी दिने गरि मिति २०७८।१२।०१ को कार्यपालिकाको निर्णय अनुसार कार्य रोकिएकोमा हाल उक्त मुद्दामा पक्षहरु सँग अदालतमा प्रमाण बुझ्ने काम सम्पन्न भएको बुझिएको र उक्त ठेक्का अघि बढाउन सकिने देखिएकोले सम्बन्धीत निर्माण व्यवसायीलाई सम्झौता बमोजिमको कार्य पुन: सुरु गर्न स्वीकृती दिने साथै कार्यपालिकाको निर्णयबाट कार्य रोक्का भइ पुन: काम सुरु गर्न आदेश दिइएको अवधि बरावरको सुरु सम्झौता अवधिमा म्याद थप गरीदिने समेत निर्णय गरियो ।

**निर्णय नं. ५**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र बमोजिम भु-बर्गिकरण कार्य गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न देहाय बमोजिमको सात सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

**तपसिल :**

संयोजक - श्री चक्र बहादुर खत्री - वडा अध्यक्ष बा.न.पा. १४
सदस्य - श्री नारायण शर्मा पौडेल - वडा अध्यक्ष बा.न.पा. १३
सदस्य - हरी प्रसाद शर्मा - वडा अध्यक्ष बा.न.पा. ५
सदस्य - रुद्र बहादुर के. सी.- वडा अध्यक्ष बा.न.पा. ६
सदस्य - मेधनाथ शर्मा - वडा अध्यक्ष बा.न.पा. ७
सदस्य सचिव - सोवन शर्मा - शर्भेक्षक, बागलुङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय

**निर्णय नं. ६**

संघीय सरकारबाट स्वीकृत अमलाचौर खानेपानी योजनाको सेवाक्षेत्रलाई वडा नं. ८, ९, १० र ११ मा समेत विस्तार गरि कार्यान्वयन गरिदिन नेपाल सरकार खानेपानी तथा ढल विकास विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

बागलुङ नगरका एक वडा एक स्मार्ट शौचालय निर्माणमा सहयोग गरिदिन नेपाल सरकार खानेपानी तथा ढल निकास विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

आ.व. २०७८।०७९ का लागि स्वीकृत राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत स्वीकृत रकमको आधारमा सम्बन्धित विद्यालयसँग सम्झौता भई सकेको र उक्त रकमको निकासा समेत प्राप्त गरि सुत्र प्रणाली बन्द हुँदा भुक्तानि गर्न बाँकी रहेको शसर्त तर्फको योजनाहरुको अनुगमन गरि नगरपालिकाको दायित्व सृजना भइसकेका योजनाको रकम भुक्तानी गरी बाँकी रकम नेपाल सरकारको संचित कोषमा फिर्ता गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९**

बागलुङ नगरकोलागि स्वीकृत भुमिगत ढल निकास योजना कार्यान्वयन संगसंगै बर्षातको पानी व्यवस्थापन समेतको विस्तृत अध्ययन गरि सोहि परियोजना अन्तर्गत कार्यान्वयन गर्ने व्यवस्था गरिदिन खानेपानी तथा ढल निकास विभाग समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस बागलुङ नगरपालिका क्षेत्रको नापी नक्सा र फिल्ड फरक परी नगरवासिहरुलाई विभिन्न समस्या परेको हुँदा निजि, सार्वजनिक, सरकारी र बन क्षेत्र समेतको पुनः नापी गर्न सम्बन्धीत निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

बागलुङ नगरका विपन्न नागरिक तथा उद्यम गर्न चाहने युवा, कृषक समेतका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन बागलुङ स्थित सबै बैंकहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

बागलुङ नगरपालिकाको करारमा जनशक्ति व्यवस्थापन कार्यविधि २०७८ को प्रथम संशोधन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

बागलुङ नगरपालिकाको मिति २०७८।८।३ मा कम्प्यूटर अपरेटर (सहायक चौंथो) पद संख्या ५ को विज्ञापन भै परिक्षा स्थगित भएकोमा उक्त सूचना अवधीमा परेका आवेदनहरुलाई यथावत राखी थप ७ (सात) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित